नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.:४२०१३३
४२०५५५
फ्याक्स नं.:४२०१५३
daodadeldhura@moha.gov.np
daodadeldhura133@gmail.com

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

पत्र संख्याः २०८२/०८३ मितिः २०८३/०१/०३

च. नं. १०७१

## जिल्ला प्रशासन कार्यालय, डडेल्धुराको अनुरोध

यही मिति २०८३ बैशाख २ गते देखि असार ७ गतेसम्म सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि गणना कर्मचारीहरू जिल्लाका सबै साना तथा ठूला उद्योग, कलकारखाना, व्यापारिक प्रतिष्ठान, होटल तथा रेष्टुरेन्ट, निर्माण कम्पनी, बैंक, वित्तीय संस्था, सहकारी, यातायात सेवा प्रदायक, सामाजिक संघ-संस्था, क्लब, राजनीतिक दल, उपभोक्ता समिति, शैक्षिक एवं स्वास्थ्य संस्था र दर्ता भएका कृषि व्यवसाय लगायतका सबै आर्थिक एकाइहरुमा खटिएर स्थलगत तथ्याङ्क सङ्कलन कार्य हुदैछ। "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नारालाई आत्मसात गर्दै आ-आफ्ना प्रतिष्ठान/व्यवसायका आर्थिक क्रियाकलाप सम्बन्धी सत्य-तथ्य र पूर्ण विवरण उपलब्ध गराई यो राष्ट्रिय अभियान सफल पार्न हार्दिक अनुरोध गर्दछौं।

**गोपनियता** राष्ट्रिय आर्थिक गणनामा संकलित सबै विवरणहरू तथ्याङ्क ऐन, २०७९ को दफा १० बमोजिम गोप्य रहनेछन्। व्यवसायबाट संकलित विवरण सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ। यी विवरणहरू तथ्याङ्कीय प्रयोजन बाहेक अन्य कुनै निकायमा प्रमाणका लागि वा कर प्रयोजनका रुपमा पेस गरिने वा उपलब्ध गराईने छैन।

**कर्तव्य** तथ्याङ्क ऐन, २०७९ को दफा ५ को उपदफा ४ अनुसार तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

### आर्थिक गणना किन गर्नु परेको हो?

देशको अर्थतन्त्र कस्तो छ र कहाँ कस्ता व्यवसायहरू चलिरहेका छन् भन्ने कुरा बुझ्न आर्थिक गणना आवश्यक छ। यसले कुन क्षेत्रमा कति मानिसले रोजगारी पाएका छन् र विकासका लागि कस्तो बजेट वा योजना चाहिन्छ भन्ने कुरा सरकारलाई सिकाउँछ । देश विकासको सही बाटो तय गर्न यो गणनाले ऐनाको जस्तै काम गर्छ। साथै, व्यवसायीहरूमा समस्या बुझेर समाधान खोज्न र स्थानीय तह देखि केन्द्रसम्मको आर्थिक अवस्था सुधार गर्न यसले मद्दत पुऱ्याउँछ।

*"कोही नछुटौं, सबैको सहभागिता र सहयोगमा राष्ट्रिय आर्थिक गणना २०८२ सफल पारौं।"*

१/३

(विष्णुप्रसाद कोइराला)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी